# CIVIC ACTION TEAMS

## Nepal Coronavirus CivActs Campaign

अंक #१४

५।१।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



लकडाउनको २४औं दिन

तस्बिर: एलिट जोशी




## कोरोना विरुद्ध कर्णाली प्रदेशमा प्रभावकारी युनिक एक्सन टीम



### कसले नेतृत्व गर्छ ?

स्थानीय सरकार प्रमुखले ।



### युनिक एक्सन टीम कसरी बनाउने ?

हरेक पालिकामा सबै वडा अध्यक्षले आफ्नो वडालाई ३०,३० घरधुरीको युनिटमा विभाजन गर्ने ।

हरेक युनिटको लागि टोली नेता सहित ४ स्वयंसेवी नियुक्ति गर्ने ।



### युनिक एक्सन टीमले गर्ने काम ?

**RECORD:** सबै घरधुरीको जनसंख्या र विदेशबाट आएका सदस्यको अभिलेख राख्ने ।

**REGULATE:** सरकारी निर्देशन, निवासको क्वारेन्टाईन पालना गराउने । दुरी र स्वास्थ्य व्यवहार अनुशरण गराउने । जाँचकोलागि प्रेषण योजना बनाउने ।

**RECOGNIZE:** संक्रमणका लक्षणहरु देखिएमा लसपस हुन रोक्ने, विपन्न परिवार पहिचान गर्ने । सेवा लिने अस्पताल यकिन गर्ने ।

**REPORT:** जाँच्न अस्पताल पठाउने, जानकारी दिने, आपुर्तिको अवस्था बारे अध्यक्षलाई जानकारी दिने ।

यो सामाग्री गाउँ तथा नगर सरकारको कोरोना विरुद्धको तयारीको लागि स्वयंसेवी समुहले निर्माण गरेको हो ।

# हल्ला र तथ्य



कोरोना भाईरस लागे नलागेको पत्ता लगाउन अब सरकारले सबैको न्यापिड टेष्ट गर्ने रे ।

चैत्र महिनाभित्र विदेशबाट आएका सबै व्यक्ति, कोभिड पोजेटिभ बिरामी र कोभिडको लक्षण देखिएका व्यक्तिको सम्पर्कमा आएका सबै व्यक्ति, १४ दिन भन्दा बढी क्वारेन्टाईनमा बसेका सबै व्यक्ति र कोभिड उपचार, निदान, नियन्त्रण अभियानमा खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मी सहित सबैले न्यापिड डाइग्नोस्टिक टेष्ट गराउनू भनेर सरकारले सूचना जारी गरेको छ ।



कोरोना महामारीबाट हुने जोखिमको आर्थिक सुरक्षाका लागि बीमाको के व्यवस्था छ ?

हालै बीमा समितिले कोरोना भाईरस सम्बन्धी बीमालेख जारी गर्न सबै निर्जीवन बीमा कम्पनीहरूलाई निर्देशन जारी गरेको छ । जस अनुसार, यसको बीमालेख हाल विद्यमान रहेको घातक रोग सरहको हुनेछ । रु. १ लाखको बीमांकको लागि व्यक्तिगत रुपमा प्रति व्यक्ति रु. १ हजार र पारिवारका सम्पूर्ण सदस्यको समेत भएमा प्रति व्यक्ति रु ६ सय बीमा शुल्क पर्नेछ । बीमा दाबीको लागि बीमा सुरु भएको १५ दिनसम्म प्रतिक्षा अवधि रहनेछ र भुक्तानिका लागि कोरोना भाईरस पुष्टि हुने पिसिआर रिर्पोट अनिवार्य पेश गर्नुपर्ने छ ।



नेपाल भारत सिमाना बन्द गरिएको भनिए पनि लुकेर सिमापार गरेका व्यक्तिमा कोरोनाको संक्रमण देखिएको छ । सिमामा सरकारको निगरानी फितलो भयो भन्छन् नि ।

सिमा आवतजावत गर्नेमाथि थप निगरानी गर्न गृह मन्त्रालयले ८७ वटा बोर्डर आउट पोष्ट थप गरेर जम्मा संख्या १२२ पुऱ्याएको छ । यसका लागि, यस भन्दा पहिले ५ हजार सशस्त्र प्रहरीले सुरक्षा दिँदै आएकोमा थप ८ हजार सुरक्षकर्मी व्यवस्था गरी खटाईएको छ ।



लकडाउनको उलंघन गर्नेलाई सरकारले कस्तो कानूनी कारवाही गरिरहेको छ ?

संक्रामक रोग ऐन २०२० अनुसार लकडाउनको अवज्ञा गर्ने व्यक्तिलाई एक महिनासम्म कैद अथवा रु. १०० सम्म जरिवाना वा दुबै सजाय र ऐनको उलंघन गर्नेलाई अधिकतम ६ महिना कैद अथवा रु.६०० सम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरेको छ । कसुरमा कारवाही गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

## सूचनाका स्रोतहरू

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | २३,११,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ६,३८० संक्रमित | १,५२४ संक्रमित | १,६९८ संक्रमित | ४,१०३ संक्रमित | ५,३६५ संक्रमित | १,०१९ संक्रमित | ५,१८२ संक्रमित | १०,६३५ संक्रमित |
| ४ नेपाली संक्रमित | ५ नेपाली संक्रमित | २२ नेपाली संक्रमित | २ नेपाली संक्रमित | १० नेपाली संक्रमित | | १ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

ShramikSanjal

## विदेशी कामदारको हितमा कतार सरकारले हाल लागु गरेका नियमहरु

रोजगारदाता र श्रमिकबिच आपसी सहमतिमा बेतलबी बिदा, वार्षिक बिदा र कामगर्ने समयावधी घटाउने सहमती गर्न सकिने भए पनि कामदारको खाने र बस्ने सुविधा कटौती गर्न पाईने छैन ।

बन्द नभएका क्षेत्रमा रोजगारदाताले कामदारलाई नियमित रुपमा करार अनुसार आधारभूत तलब सुविधा उपलब्ध गराउनु पर्नेछ । क्वारेन्टाइनमा बसेका वा संक्रमित भई उपचाररत रहेका कामदार बिरामी बिदामा बसेको भए पनि आधारभूत तलब सुविधा दिनुपर्ने छ ।

हालको सम्झौताको आधारमा र प्रचलित कानूनको अधिनमा रही रोजगारदाताले सम्झौता मुताविक पूर्व सूचना दिई रोजगार सम्झौता रद्द गर्नसक्ने छन् । यस्तो अवस्थामा कामदारले पाउनुपर्ने बाँकी सुविधा बराबरको रकम र हवाइ टिकट र कामदार आफ्नो देशमा फर्कने प्रकृया पूरा नहोउन्जेलसम्म खाने बस्ने सुविधा पनि रोजगारदाताले उपलब्ध गराउनुपर्ने छ ।

कार्यक्षेत्र, आवास वा श्रम सम्बन्धि समस्या परेमा मन्त्रालयको हटलाइन नम्बर ४०२८०६६० मा सम्पर्क गर्न सकिने छ । त्यस्तै आफ्नो कतार आईडी वा भिषा नम्बरको अगाडि ५ थपी ९२७२७ मा एसएमएस पठाउन सकिने छ । बिभिन्न भाषामा उपलब्ध रहेको यो सेवा २४ सै घण्टा खुल्ला रहने नेपाली दूतावास कतारले जनाएको छ ।



सही सूचना

# कोरोना संक्रमितको उमेर समुह




माथिको ग्राफले कोभिड - १९ बाट संक्रमितको उमेर समुह र लैंगिकताको सम्बन्ध देखाउछ । अहिलेसम्मको तथ्यांक हेर्ने हो भने, आधा भन्दा बढी संक्रमितहरु युवा उमेरका छन् र त्यसमा पनि पुरुषको संख्या बढी भएको प्रष्ट देखिन्छ । केहीलाई छोड्ने हो भने, अधिकांस संक्रमितहरु कोरोना प्रभावित राष्ट्रबाट आएका व्यक्तिहरु छन् ।

$ Follow the money

## गण्डकी प्रदेश

### कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोष

**१५ करोड भन्दा बढी**

**१ करोड ४५ लाख**



११
जिल्ला प्रशासन कार्यालय

**६ करोड ५० लाख**



८५
स्थानीय तह

**१ करोड १० लाख**



११
जिल्ला अस्पताल

**१५ लाख**



तिनओटै सुरक्षा निकायलाई
५ लाखका दरले

**लगभग**
**६ करोड**
**???**

accountabilitylab NEPAL

# कोभिड - १९ र अर्थतन्त्रमा यसको प्रभाव

कोभिड - १९ को महामारी अहिलेको अवस्थामा विश्वकै सबैभन्दा ठुलो संकट हो । १७ अप्रिल, २०20 सम्मको आँकडालाई हेर्ने हो भने, विश्वका २१0 राष्ट्का २० लाख भन्दा बढि व्यक्ति यस महामारीबाट संक्रमित भईसकेकोछन् भने, १,३९,३७८ जनाले आफ्नो ज्यान गुमाईसकेका छन् । विश्वभरीका राष्ट्हरुलाई उनिहरुको स्वास्थ्य सेवा प्रणालीको क्षमता बृद्धी गर्न कठिन भईरहेको छ । यो कुरा आफैमा अकल्पनिय छ र साथसाथै, यो संकटले विश्वको अर्थतन्त्रलाई अधोगतिमा धकेलिरहेको छ । १७ अप्रिल, २०20 सम्मको अवस्था हेर्नेहो भने, विश्को एक तिहाई जनसंख्या कुनै न कुनै तवरले लकडाउनको सामना गरिरहेको छ । यसले मानिसको आर्थिक र सामाजिक जनजिवन पूर्ण रुपमा ठप्प पारेको छ । यस महामारीले ल्याएको संकट वर्तमानमा मात्र सिमित छैन ।

**२० लाख** जनसंख्या प्रभावित

**२१0** राष्ट्हरु

**१.३९ लाखले** ज्यान गुमाए

> "विकासशिल अर्थतन्त्रको अवस्था ३० वर्ष पछाडी धकेलिने छ, जुन गरीबीको स्तर, सन् १९९० को दशक जस्तै हुन जाने अनुमान गरिएको छ ।

भविस्यमा यसले निम्त्याउने विश्वव्यपी आर्थिक संकट पनि त्यतिकै गम्भीर हुनेछ र यसबाट जनमानसले ठुलो मुल्य चुकाउनु पर्ने छ । अहिलेसम्मको विश्वव्यापी बन्दले करिब ५० करोड जनसंख्यालाई गरीबी तिर धकेलिने अनुमान अनुसन्धानकर्तालि गरेकाछन् । त्यसै गरेर, संयुक्त राष्ट्संघिय विश्वविद्यालयको, वर्ल्ड इन्स्टीच्युट फर डेभलपमेन्ट इकोनोमिक्स् रिसर्च (UN – EIDER) ले हालै प्रकासन गरेको प्रतिवेदन अनुसार अव विश्व अर्थतन्त्र पछाडी धकेलिने छ । विशेष गरेर, विकासशिल अर्थतन्त्रको अवस्था ३० वर्ष पछाडी धकेलिने छ । जुन गरीबीको स्तर, सन् १९९० को दशक जस्तै हुन जाने अनुमान गरिएको छ । यि अनुमानहरु त अहिलेको आँकडालाई आधार मानेर गरिएका हुन् तर, यो संकटको अवस्था कती लामो समयसम्म रहन्छ भन्ने अझै आँकलन गर्न सकिने अवस्था छैन । प्रयटन उद्योग जस्ता अर्थव्यवस्थाका केही क्षेत्रहरु धरासायी हुने निश्चित जस्तै छ । ति व्यवसायहरु सामान्य अवस्थामा आउन लामो समय लाग्ने छ । वर्ल्ड ट्राभल एण्ड टुरिजम काउन्सिलका अनुसार, विश्वको कुल गार्हस्थ उत्पादनको १० प्रतिशत योगदान गर्ने प्रयटन उद्योगमा कामगर्ने ५ करोड कामदारले रोजगारी गुमाउनेछन् र यसको सबै भन्दा ठुलो असर एसिया महादेशलाई पर्नेछ ।

नेपालको सन्दर्भमा, यो संकटको अवस्था अकल्पनिय हो । अहिले जसरी नेपालको अर्थतन्त्रमा असर परिरहेको छ, यसरी यस अधिका विश्वव्यापी आर्थिक मन्दीले पनि असर पारेको थिएन । उदाहरणको लागि सन् २००८ को विश्वव्यापी आर्थिक मन्दीलाई नै हेरौँU प्राय विकसित राष्ट्हरु प्रभावित हुँदा पनि विश्व अर्थतन्त्रको एकदमै सानो हिस्सा ओगटेका कारणले पनि हुनसक्छ, नेपालको अर्थतन्त्र त्यती प्रभावित भएको थिएन । अहिलेको संकटने विशेष गरेर नेपालको अर्थतन्त्रको दुईओटा महत्वपूर्ण क्षेत्रहरु - बिप्रेषण र प्रयटन उद्योगमा असर गर्नेछ । यि दुबै क्षेत्रहरु नेपालका लागि विदेशी मुद्रा आर्जन गर्ने बलिया आधार हुन् । विप्रेषणको योगदान नेपालको कुल गार्हस्थ उत्पादनमा करिब २९ प्रतिशत छ भने, प्रयटन क्षेत्रको योगदान करिब ७.९ प्रतिशत हुन आउछ । आउदा दिनमा वैदेशिक रोजगारीको शिलशिलामा खाडिका मुलुकहरुमा रहेका अधिकांश नेपाली कामदार काम नपाएर स्वदेश फिर्ता हुनेछन् र स्वदेशमै प्रयटन क्षेत्रमा कामगर्ने करिब १० लाख नेपालीले पनि रोजगारी गुमाउनेछन् । यही बिचमा विश्व बैंकले सन् २०२० मा नेपालको आर्थिक बृद्धिदर १.५ देखी २.८ सम्म हुने अनुमान गरेको छ । जुन अहिलेको संकट सृजना हुनुभन्दा अगाडीको नेपालको अनुमानित आर्थिक बृद्धिदर ८.५ भन्दा धेरै कम हो । जसरी २०७२ सालको भूकम्पले थुप्रै नेपालीलाई गरीबीको रेखामुनी धकेलेको थियो, त्यसै गरी अहिलेको अवस्थाले पनि थुप्रै नेपालीलाई गरीबीको रेखा मुनी धकेल्न सक्छ । यदी नेपालले अब आईपर्ने ठुलो आर्थिक संकटको सामना गर्न आफैलाई तयारी अवस्थामा राखेन र अर्थव्यवस्थाको पुनः विकास र बृद्धि गर्न व्यापक सुधारको योजना समयमै बनाएन भने, नेपालको अर्थतन्त्रमा यसको गम्भीर असर पर्ने सम्भावना छ ।

- सुरथ गिरी, युवा अर्थशास्त्री

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्डाटा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219